# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः८ संख्याः०९ प्रकाशन मितिः

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

**भाग-२**

## कृषि उत्पादनमा आधारित प्रोत्साहन नगद अनुदान कार्यक्रम कार्यविधि-२०८१

गाउँपालिकाबाट स्वीकृत मितिः२०८१/०८/२७

# कृषि उत्पादनमा आधारीत प्रोत्साहन नगद अनुदान कार्यक्रम कार्यविधि, २०८१

स्वीकृत मितिः२०८१/०८/२७

प्रस्तावना : म्याग्दे गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको पालिका हुनाले यस क्षेत्रको ब्यवसयीकरण गरि प्रमुख कृषिजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्दी गरि अन्तरिक मागको पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रबर्धन गर्न र सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिस्चित गर्नुपर्ने भएकाले अजिरकोट गाउँपालिकाले यो कार्यविधि बनाएको छ|

## परिच्छेद १
## प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "कृषि उत्पादनमा आधारित प्रोत्साहन नगद अनुदान कार्यक्रम कार्यविधि – २०८१" रहेको छ।

२) यो कार्यविधि म्याग्दे गाउँपालिका, गाउँपालिकाको कार्यालयले पारित गरेको मिति देखि लागु हुनेछ।

३) यो कार्यविधि म्याग्दे गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा:**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले म्याग्दे गाउँपालिकालाई सम्झनु पर्दछ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले म्याग्दे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

३) "शाखा प्रमुख" भन्नाले म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

४) "गाउँ कार्यपालिका" भन्नाले म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

५) "कार्यक्रम" भन्नाले कृषि उत्पादनमा आधारित अनुदान सम्झनु पर्दछ|

६) "समिति" भन्नाले यस कार्यविधिको दफा बमोजिम गठित छनौट समितिलाई सम्झनु पर्दछ

७) "अनुदानग्राही" भन्नाले म्याग्दे गाउँपालिकामा कृषि पेशामा संलग्न कृषकलाई सम्झनु पर्दछ

## परिच्छेद ३
## उद्देश्यहरु

**३. उद्देश्यहरु :**

१) कृषि उपज सामग्रीको उत्पादन र उत्पादकत्वमा टेवा पुराउने

२) कृषकलाई कृषि क्षेत्रमा आकर्षित गर्ने र पालिकाको कृषि उपज सामग्रीको आयात प्रतिस्थापन गर्ने

## परिच्छेद ४

## कार्यक्रम संचालन प्रक्रिया

**४. कार्यक्रम संचालनः** यस कार्यक्रमलाई म्याग्दे गाउँपालिका, कृषि विकास शाखाबाट संचालन गरिनेछ |

**५. आवेदन आव्हान :**

१) अनुदान कार्यक्रम संचालन गर्नका लागि अनुसूची (१) अनुरुप गाउँपालिकाले प्रथम पटक कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरि आवेदन माग गर्न सक्नेछ र त्यस पछि माग अनुरुप सम्बन्धित कृषक / कृषक समूह/ कृषि सहकारीले निबेदन दिन पाउनेछन ।

**६. आवेदन संकलन :**

१) दफा ६ को उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कृषक / कृषक समूह / कृषि सहकारीले वडा कार्यालयमा तल तोकिए अनुसारको कागजातसहित अनुसूची २ अनुसार निवेदन र अनुसूची ३ अनुसारको कृषक विवरण दिनु पर्नेछ

क) व्यक्तिगत निवेदन र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३ )

ख) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान मागको निर्णयको प्रतिलिपि

ग) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

२) म्याग्दे गाउँपालिकामा बसोबास गर्ने व्यक्ति, कृषि फर्म, कृषक समूह, कृषि सहकारी, लगायत कृषकले तोकिएको समयमा आवेदन दिन सक्नेछन् ।

३) दफा ६ को उप दफा १ बमोजिम आएका आवेदनहरु गाउँपालिका कृषि विकास शाखामा दर्ता गराउनु पर्नेछ ।

## परिच्छेद ५

## छनौट प्रक्रिया

**७. छनौट प्रक्रिया :**

१) रित पुर्वक पेश हुन आएका आवेदकहरुलाई उत्पादनमा आधारित अनुदान व्यवस्थापन समितिले अनुगमन गरि प्राथमिकीकरण गर्नेछ ।

२) व्यवस्थापन समितिः उत्पादनमा आधारित अनुदान व्यवस्थापन समिति देहाय बमोजिमको हुनेछ

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**८. व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार :** उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न बनेको कार्यक्रम व्यवस्थापन समितिले प्रस्ताव मुल्यांकन गर्ने, प्रस्ताव उपर छलफल गरि औचित्यको आधारमा अनुदानग्राही छनौट गर्ने, अनुदानको  लागि सिफारिस गर्ने, मुल्यांकन र अनुगमन गर्ने, कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने, आवश्यक परे छुट्टै मुल्यांकन कार्यदल गठन गरि स्थलगत प्रमाणीकरण गराउन सक्नेछ |

**९. छनौटका आधारहरु :**

१) छनौटका आधारहरु दर्तावाल फर्म / सहकारी / कृषक समुह / कृषकको लागि अनुसूची ६ बमोजिम हुनेछ ।

२) कार्यक्रम छनौट भई अनुदान प्राप्त गर्न अनुसुचि ६ बमोजिम मुल्यांकन गर्दा कम्तिमा ५० अंक प्राप्त गर्नुपर्नेछ ।

३) व्यवस्थापन समितिले लाभग्राहीहरुको अन्तिम मुल्यांकन गरि अनुमोदन गरिनेछ |

४) बैठक अनुमोदन भए पश्चात एक हप्ता भित्र सबै लाभग्राहीलाई आयोजनाका लागि छनौट भएको सूचना दिई कार्यक्रम कार्यान्वन सम्झौताको लागि कार्यलयमा सम्पर्क राख्न अनुरोध गरिनेछ |

## परिच्छेद ६

## कार्यक्रम संचालन

**९) जानकारी दिन पर्ने:**

१) छनौट समितिबाट स्वीकृत भएका कार्यक्रमको सम्बन्धमा सम्बन्धित पक्षलाई जानकारी दिन पर्नेछ र

यसको जानकारी वडा कार्यालयलाई पनि गराउन पर्नेछ

२) उपदफा १ अनुसार जानकारी दिदा सात दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत उल्लेख गर्नुपर्नेछ

**१०) सम्झौता गर्नु पर्ने :** यो कार्यविधि अनुसार गाउँपालिकाले कार्यक्रम संचालनका लागि सम्झौता गर्दा देहाए को सर्तहरु समेत पालना गर्ने गरि तोकिएको समयाबधि भित्र तोकिएको ढाँचामा सम्झौता गर्नुपर्नेछ

१) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न अनुसूची ६ मा भएको मापदण्ड अनुसार सम्बन्धित कृषकको कृषि उपजको उत्पादन पश्चात उत्पादनमा आधारित अनुदान व्यवस्थापन समितिको अनुगमन प्रतिबेदनको आधारमा भुक्तानी गरिनेछ

२) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न सम्बन्धित कृषकको कृषि उपजको उत्पादनको फोटो संकलन गर्नुपर्दछ

३) खेति योग्य भूमिको जगेर्ना र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिस्चित गर्नुपर्नेछ

## परिच्छेद ७

## भुक्तानी प्रक्रिया

**११) अनुदान रकम र भुक्तानी प्रक्रिया:**

(१) अनुदान रकम अनुसूची ६ मा रहेको मापदण्ड अनुसार हुनेछ। अनुदान बाहेकको थप श्रोत आवेदक आफैले व्यवस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ।

२) उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ।

क) वडा कार्यालयको दोहोरो सुबिधा नलिएको सिफारिस (अनुसूची ४ )

ख) व्यक्तिगत निवेदन र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३)

ग) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान मागको निर्णयको प्रतिलिपि

घ) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

ङ) कृषि विकास शाखामा गरिएको सम्झौता

**१२) अनुगमन:**

१) संचालित कार्यक्रमको उत्पादनमा आधारित अनुदान व्यवस्थापन समितिले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ।

**१३) भुक्तानी दिन बाध्य नहुने :**

१) सम्झौतामा भए बमोजिम कार्य नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन।

२) सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन।

## परिच्छेद ८

## विविध

**१४) बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुबिधा भएमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ|

**१५) प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नालेखिय्को विषयमा प्रचलित कानुन बमोजिम हुनेछ|

**१६) संशोधन:** यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ|

## अनुसूची – १

कृषि विकास शाखा, म्याग्दे गाउँपालिकाको कृषि कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको

सूचना सूचना सूचना

यस म्याग्दे गाउँपालिकाको आ. व. २०८१ / ०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रममा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा म्याग्दे गाउँपालिका भित्रका कृषक, निजि फर्म, कृषक समूह तथा कृषि सहकारीबाट आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कृषि शाखा वा वडा कार्यालयमा तपशिल अनुसारका कागजात संलग्न गरि आवेदन पेश गर्न हुन अनुरोध छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन 'नसक्ने व्याहोरा समेत जानकारी गराइन्छ। प्रस्ताव पत्र र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा कृषि विकास शाखा वा वडा कार्यालय बाट प्राप्त गर्न सकिनेछ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- व्यक्तिगत निबेदन र कृषि गरेको विवरण
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र
- वडा कार्यालयको सिफारिस
- जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको खण्डमा जग्गा धनीसंग गरेको सम्झौताको प्रतिलिपि
- समूह र सहकारीको हकमा कार्यसमिति बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि

## अनुसूची- २

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
म्याग्दे गा.पा, छाङ्ग, तनहुँ|

विषयः स्थलगत अनुगमन गरि कृषि उत्पादनमा आधारित अनुदान पाउँ भन्ने बारे।

म्याग्दे गाउँपालिकाको मिति २०८१ /     /       मा प्रकाशित सूचना अनुसार यस/म ..........................................ले गाउँपालिकाको सहयोगमा कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनका लागि सूचनामा तोकिए बमोजिमका कागजात संलग्न राखी यो दरखास्त पेश गरेको / गरिएको छु/छ। कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि - २०७९ र अन्य प्रचलित कानुन बमोजिमका सर्तहरु पालना गर्न मन्जुर छु छौ।

निवेदक

........................................

## अनुसूची ३

उत्पादक कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुने कृषकको विवरण

१. कृषकको नाम:

२. ठेगाना:

३. लगाएको बाली/फलफुलको क्षेत्रफल:

४. लगाएका फलफूलका किसिम/ तरकारीका किसिम:

५. गत वर्षको उत्पादन परिमाण

| क्र. स | बाली/वस्तुको नाम | उत्पादन क्षेत्रफल/संख्या | उत्पादित परिमाण | बिक्री दर (रु) | जम्मा बिक्री रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. यस वर्षको उत्पादन योजना

| क्र. स | बाली/वस्तुको नाम | उत्पादन क्षेत्रफल | अपेक्षित उत्पादन परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची-४**

सम्बन्धित वडाको सिफारिस पत्र

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

म्याग्दे गा.पा, छाङ्ग, तनहुँ।

विषयः सिफारिस गरिएको बारे।

तहाँ शाखाको मिति २०८०/ / मा प्रकाशित सूचना अनुसार .......................................कृषक / समूह / सहकारीले म्याग्दे गा.पा. वडा नं.........को...............रोपनी क्षेत्रफल / संख्या.............................भएको जग्गामा कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

**आज्ञाले**
**नारायण प्रसाद अधिकारी**
**प्रमखु प्रशासकीय अधिकृत**